# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ कार्तिक २९ गते

## निर्वाचनको निर्वाध प्रचार प्रसारमा अवरोध नगर !

आसन्न प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको दिन नजिकिँदै गर्दा प्रचार प्रसारका क्रममा रुकुम, रोल्पा, भोजपुर, म्याग्दी, संखुवासभा, गोरखा लगायतका जिल्लाहरूमा उम्मेदवार तथा कार्यकर्ताहरूलाई लक्षित गरी श्रृंखलाबद्ध रूपमा भएको गोली तथा बम प्रहारका घटना लगायतका निर्वाचन विरोधी गतिविधिहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले विभिन्न जिल्लामा गरेको अनुगमनका क्रममा निर्वाचनको विरोधमा रहेको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुबाट उम्मेदवारको घरमा कालो झण्डा राख्ने तथा सम्पत्ति कब्जा गर्ने, मतदातालाई मतदान गरे कारबाही गरिने धम्की दिने, निर्वाचनको प्रचार प्रसारमा अवरोध गर्ने र निर्वाचनमा भाग लिएका राजनीतिक दलहरुविच भएका झडप लगायतका तथ्यहरु प्राप्त भएका छन् । यस्ता कार्यले भयरहीत वातावरणमा निर्वाचनमा भाग लिन पाउने मतदाताको अधिकार तथा स्वतन्त्र, निर्भयतापूर्वक र शान्तिपूर्ण ढङ्गाबाट प्रचार प्रसार गर्न पाउने उम्मेदवारको अधिकारको उल्लंघन भएको देखिन्छ ।

स्वच्छ, स्वतन्त्र र आवधिक निर्वाचन लोकतन्त्र र मानव अधिकारको पर्याय हो । यसको सम्मान गर्नु सबै नागरिकको कर्तव्य पनि हो । नागरिक तथा राजनीतिक विषयक अनुबन्ध लगायतका अन्तर्राष्ट्रिय र नेपालको संविधान लगायतका राष्ट्रिय दस्तावेजहरूबाट प्राप्त अधिकारको पूर्ण उपभोगमा अवरोध गर्ने जो कसैलाई पनि विगतमा सरकारबाट कानुनी दायरामा ल्याउन नसक्दा यस्ता घटनारू बारम्बार भैरहेको आयोगको निष्कर्ष रहेको छ ।

अत: निर्वाचनमा भाग लिन पाउने प्रत्येक नागरिकको अधिकारलाई अवरोध नगर्न, कुनै किसिमको व्यवधान सृजना नगर्न तथा सर्वसाधारणको मानव अधिकारको सम्मान गर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ । साथै, आफ्ना चुनावी गतिविधिहरु सञ्चालन गर्दा संयमता अपनाउन आयोग सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ । स्वतन्त्र र भयरहीत वातावरणमा प्रचार प्रसार गर्न पाउने उम्मेदवारको अधिकार र मतदान गर्न पाउने मतदाताको अधिकार सुनिश्चित् गर्न तथा निर्वाचनको क्रममा सम्पूर्ण सुरक्षा व्यवस्थालाई अपेक्षित रुपमा सक्षम तथा सबल तुल्याउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org